"ऋषिङ्ग सम्वृद्धिको आधार, कृषि, संस्कृति, पर्यटन र पूर्वाधार"

# ऋषिङ्ग गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
# रोजगार सेवा केन्द्र

कोटदरबार, तनहुँ
गण्डकी प्रदेश नेपाल

पत्र संख्या :- २०७७/०७८
चलानी नम्बर :- १४६९

मिति : २०७८/०३/०८

श्री वडा कार्यालयहरु (सबै)
ऋषिङ्ग गाउँपालिका, तनहुँ ।

**विषय : आ.व. २०७८/०७९ को बार्षिक कार्यक्रममा समावेश गर्न रोजगारमूलक आयोजनाहरु छनौट गरी पठाउने बारे ।**

प्रस्तुत विषयमा श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय (प्रधानमन्त्री रोजगार कार्यक्रम) को च.नं. ३८५, मिति २०७८/०३/०३ को पत्रानुसार आगामी आ.व. २०७८/०७९ मा प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत संचालन हुने रोजगारमूलक आयोजनाहरु बार्षिक कार्यक्रममा समावेश गरी ती आयोजनाहरुमा सूचिकृत वेरोजगार व्यक्तिहरुलाई बढीमा एक सय दिन वरावरको रोजगारी प्रदान गर्नुपर्ने भएकोले देहायानुसार रोजगारमूलक आयोजनाहरु छनौट गरी पठाउनु हुन अनुरोध छ ।

**१. प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत संचालन हुने रोजगारमूलक आयोजनाहरु कामको लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना** अन्तर्गत कामको लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना (संचालन तथा व्यवस्थापन) कार्यविधि, २०७७ को दफा ४ को उपदफा २ मा उल्लेखित तपसिल बमोजिमका क्षेत्रभित्र पर्ने आयोजना मात्र छनौट गर्नु पर्नेछ ।

**दफा ४ ( आयोजना संचालनका क्षेत्र)**

(क) सडक निर्माण तथा मर्मत संभार :

- स्थानीय तहभित्रका वस्ती, स्वास्थ्य चौकी, विद्यालय, आर्थिक केन्द्र तथा पर्यटकीय स्थल जोड्ने सडक निर्माण तथा मर्मत संभार
- राष्ट्रिय तथा प्रादेशिक सडकबाट गाउँ वा नगर जोड्ने सडकको निर्माण तथा मर्मत सम्भार

(ख) कृषि तथा सिंचाई :

- सिंचाईका लागि कूलो तथा पैनीको निर्माण तथा मर्मत सम्भार
- पोखरी तथा पानीको मूल संरक्षण एंव मर्मत सम्भार

प्रमुख प्रशासकीय अधिकृत

फोन नं : ०६५-६२००१६ , ०६५-६२००१५,९८६१०००८९७,९८४६१६५०२९
website www.rishingmun.gov.np e-mail: info@rishingmun.gov.np or escrishing2075@gmail.com

Scanned with CamScanner

पत्र संख्या :- २०७७/०७८
चलानी नम्बर :- १४६२

- कृषि तथा पशुपक्षीजन्य उत्पादनको भण्डारण तथा विक्री वितरणको लागि आवश्यक पर्ने भण्डार गृह, शीत भण्डार, हाट बजार र तरकारी तथा फलफुल संकलन तथा विक्री केन्द्रको निर्माण तथा मर्मत सम्भार

(ग) ग्रामीण खानेपानी :

- खानेपानी आयोजनाहरुको निर्माण, पाईपलाइन विस्तार तथा मर्मत सम्भार

(घ) स्वास्थ्य तथा सरसफाई :

- सरकारी अस्पताल, स्वास्थ्य चौकी/केन्द्र र प्रसुति गृह निर्माण तथा मर्मत सम्भार
- सार्वजनिक शौचालय निर्माण तथा मर्मत सम्भार
- फोहोर व्यवस्थापना पूर्वाधारहरुको निर्माण तथा मर्मत सम्भार

(ङ) शिक्षा :

- सरकारी विद्यालय भवन, सार्वजनिक पुस्तकालय तथा विद्यालय परिसरमा शौचालय, खानेपानीको धारा, खेल मैदान र कम्पाउण्ड पर्खाल निर्माण तथा मर्मत सम्भार

(च) वन तथा जलाधार :

- फलफूलको विरुवा रोपण, वृक्षारोपण तथा वन जङ्गल संरक्षण
- पहिरो तथा नदी नियन्त्रण
- साना बाँध निर्माण

(छ) पर्यटन :

- पदमार्ग निर्माण तथा मर्मत सम्भार
- पदमार्ग तथा पर्यटकीय क्षेत्रमा सेड, विश्राम स्थल तथा चौतारी निर्माण तथा संरक्षण
- उच्च महत्वका प्रसिद्ध पर्यटकीय स्थलको मर्मत सम्भार तथा संरक्षण

२. **युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना** अन्तर्गत संचालन हुने रोजगारमूलक आयोजनाहरु युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना (संचालन तथा व्यवस्थापन) कार्यविधि, २०७६ को दफा २९ मा उल्लेखित तपसिल बमोजिमका आयोजनाको ढाँचा भित्र पर्ने आयोजनाहरु मात्र छनौट गर्नु पर्नेछ ।

चन्द्र[illegible] पौडेल
प्रमुख प्रशासकीय अधिकृत

**दफा २९ ( आयोजनाको ढाँचा) :**

(क) बुंदा नं. १ का आयोजना संचालनका क्षेत्रहरु (मर्मत सम्भार मात्र)



Scanned with CamScanner

"ऋषिङ्ग समृद्धिको आधार: कृषि, संस्कृति, पर्यटन र पूर्वाधार"

# ऋषिङ्ग गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
# रोजगार सेवा केन्द्र

कोटदरबार, तनहुँ

गण्डकी प्रदेश नेपाल

पत्र संख्या :- २०७७/०७८

चलानी नम्बर :- १४६१

(ख) आयोजनाबाट देहायका सार्वजनिक सेवाका कार्यहरु समेत कार्यान्वयन गर्न सकिनेछ :

- बालबालिका तथा जेष्ठ नागरिक स्याहार सम्बन्धी सेवा
- खेलकुद क्रियाकलाप सम्बन्धी सेवा
- बालबालिकाको प्रारम्भिक शिक्षा सम्बन्धी सेवा
- स्थानीय तहमा गरिने विभिन्न अभियान तथा सचेतनाका क्रियाकलापहरु ।

**(ग) आयोजनाको वित्तीय श्रोतबाट देहायका क्रियाकलापहरु कार्यान्वयन गर्न सकिने छैन :**

- बुदाँ (क) र (ख) मा उल्लेख गरिएको भन्दा फरक ढाँचाको तथा स्थानीय तहको वार्षिक नीति तथा कार्यक्रममा समावेश नभएका आयोजना
- भूमि अधिग्रहण तथा पुनर्वास आवश्यक पर्ने आयोजना
- पुरतात्विक महत्वका सम्पदालाई नकारात्मक प्रभाव पार्ने आयोजना
- संर्रक्षत क्षेत्र तथा वातावरणीय जोखिममा रहेका आयोजना
- भुस्खलन हुन सक्ने, जैविक विविधतामा ह्रास ल्याउने, खानेपानीको गुणस्तर तथा परिमाणलाई घटाउने तथा वातावरणलाई नकारात्मक प्रभाव पार्ने आयोजना
- मानव स्वास्थ्यमा प्रतिकूल प्रभाव पार्ने वा जोखिम सिर्जना गर्ने ।

३. बुँदा नं. (१) **कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना** र बुदाँ नं.(२) **युवा रोजगारीको लागि रुपान्तरण पहल आयोजना** अन्तर्गतका रोजगारमूलक आयोजनाहरु स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को प्रक्रिया अवलम्वन गरी तहाँ वडा कार्यालयमा सूचिकृत बेरोजगार व्यक्तिहरुलाई बढीमा एक सय दिन बराबरको रोजगारी उपलब्ध गराउन पर्याप्त हुने गरी उल्लेखित आयोजना संचालनका क्षेत्र भित्र पर्ने रोजगारमूलक आयोजनाहरु छनौट गरी वडा समितिको सिफारिस सहित पठाउनु पर्नेछ ।

**४.वडा समितिले देहायका प्रकृतिका आयोजना पहिचान गरी सिफारिस गर्नु पर्नेछ :**

- गरिवी तथा जोखिममा रहेका विपन्न समुदाय र सीमान्तकृत वर्गलाई प्रप्यक्ष रुपमा लाभ दिने,



प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

"ऋषिङ्ग सम्वृद्धिको आधार, कृषि, संस्कृति, पर्यटन र पूर्वाधार"

# ऋषिङ्ग गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
## रोजगार सेवा केन्द्र
कोटदरबार, तनहुँ

गण्डकी प्रदेश नेपाल

पत्र संख्या :- २०७७/०७८
चलानी नम्बर :- १४६२

- उच्च तथा दीगो आर्थिक प्रतिफल प्राप्त हुने किसिमका भौतिक पूर्वाधार निर्माण हुने,
- वढी भन्दा वढी जनसंख्यालाई लाभ पुग्ने,
- स्थानीय समुदायको सामाजिक र आर्थिक उन्नतिमा प्रप्यक्ष सहयोग पुग्ने, र
- वातावरण संरक्षण र विपद व्यवस्थापन गर्न योगदान पुऱ्याउने ।

चन्द्रिका पौडेल
प्रमुख प्रशासकीय अधिकृत

फोन नं : ०६५-६२००१६ , ०६५-६२००१५,९८६१०००८९७,९८४६१६५०२९
website www.rishingmun.gov.np e-mail: info@rishingmun.gov.np or escrishing2075@gmail.com

Scanned with CamScanner